United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

# मानवअधिकार दिवसका अवसरमा
# उच्चायुक्त लुइस आर्बरको वक्तव्य
# २०६४ मङ्सिर २४

*संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले डिसेम्बर १० (मङ्सिर २४ गते)मा मनाइने मानवअधिकार दिवसको स्मरण गर्दै देहायको वक्तव्य जारी गर्नुभएको छ ।*

आज हामीले संयुक्तरूपमा मानवअधिकार दिवस मात्र मनाएको नभई मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६० औं वार्षिकोत्सवसम्मको वर्षदिन लामो अभियान सुरु गर्दा हामीमध्ये प्रत्येकका लागि मौलिक स्वतन्त्रता सुनिश्चित गर्ने बाटोमा सन् १९४८ देखि भएका उपलब्धिहरू मनाउनुपर्ने विशेष कारण छ ।

विश्वव्यापी घोषणापत्र तथा यसका केन्द्रीय विषयवस्तु - अन्तरनिहित मानव मर्यादा, न्याय, भेदभावहीनता, समानता, निष्पक्षता तथा विश्वव्यापकता - प्रत्येक व्यक्तिमा, सबै ठाउँमा, सधैं लागू हुन्छन् ।

विश्वका सबै भागमा व्यक्ति, समूह, सङ्गठन तथा सरकारहरूले विश्वव्यापी घोषणापत्रमा रहेका प्रतिज्ञाहरूलाई यथार्थतामा परिणत गर्न ठूलो प्रयत्न गरेका छन् । यी आदर्शहरूको खोजीमा धेरैजनाको मृत्यु भएको छ ।

आज हिंसा, जातिवाद,  विदेशीप्रतिको असहिष्णुता, यातना, अलोकप्रिय धारणामाथिको दमन तथा सबै प्रकारका अन्यायविरुद्ध उभिने हाम्रो व्यक्तिगत तथा सामूहिक विफलताप्रति मनन गर्ने दिन पनि हो ।

धनी र गरिब, शक्तिशाली र जोखिमयुक्त, प्राविधिकरूपमा विकसित र निरक्षर, आक्रमणकारी र पीडितहरूबीचको आजको बढ्दो विभेदबीच घोषणापत्रको सान्दर्भिकता तथा प्रतिष्ठापित अधिकारको विश्वव्यापकतामाथि ठूलो आवाजमा पुनः सहमति जनाउनु आवश्यक छ ।

यस वर्षको क्रममा विश्वको प्रत्येक व्यक्तिलाई आफ्नो संरक्षणका लागि न्यायपूर्ण कानुनमा भर पार्न सकियोस् भन्ने कुरा सुनिश्चित गर्न अभूतपूर्व प्रयास गरिनैपर्छ । सबैका लागि सबै मानवअधिकारलाई अगाडि बढाउँदै हामी मानव सामर्थ्यको सबैभन्दा ठूलो कुरा प्राप्ति गर्नेतर्फ बढ्ने छौं जुन प्रतिज्ञा विश्वव्यापी घोषणापत्रको मुटुमा रहेको छ ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org